**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०८ अक्टुबर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले देशमा डिजिटल कनेक्टिभिटी अब कुनै विशेषाधिकार अथवा विलासिता नभई सबैको जीवनको अभिन्न हिस्सा भएको बताउनु भएको छ।

- निर्वाचन आयोगले आज दक्षिण बंगालको जिला निर्वाचन अधिकारीहरुका साथ वीडियो कॉन्फ्रेंसको माध्यमद्वारा बैठक गरेको छ।

- देशले आज भारतीय वायुसेनाको ९३औं वार्षिकोत्सव मनाउँदैछ।

- केन्द्रीय मन्त्री किरण रिजिजुले आज पहिरो प्रभावित क्षेत्रहरूको स्थलगत निरीक्षण गर्न बिजनबारी-पुलबजार क्षेत्रको भ्रमण गर्नुभएको छ।

- खरसाङको रोहिणी रोड (सुवास घिसिङ मार्ग) निर्माणको कार्य शुरु भएको छ।

**प्रधानमन्त्री - इन्डिया मोबाइल कांग्रेस**

प्रधानमन्त्री नरेन्द्र मोदीले देशमा डिजिटल कनेक्टिभिटी अब कुनै विशेषाधिकार अथवा विलासिता नभई सबैको जीवनको अभिन्न हिस्सा भएको बताउनु भएको छ। श्री मोदीले यो कुरा आज नयाँ दिल्लीस्थित यशोभूमीमा एशियाको सबैभन्दा ठूलो दूरसञ्चार, मिडिया र प्रौद्योगिकी कार्यक्रम भारत मोबाइल कंग्रेस 2025 को नवौँ संस्करणको उद्घाटन समारोहलाई सम्बोधन गर्नु हुँदै बताउनु भएको हो। उहाँले भन्नु भयो, देशले पहिलादेखि 2G मा समस्या भोगेको थियो भने अहिले प्रायः हरेक जिल्लामा 5G पहुँच भएको छ। प्रधानमन्त्री मोदीले देशको डिजिटल सार्वजनिक पूर्वाधारको सफलतालाई उल्लेख गर्दै भन्नु भयो कि अहिले लगानी गर्न, नवप्रवर्तन गर्न र मेक इन इन्डियामा जोड दिनको लागि उत्कृष्ट समय हो।

**निर्वाचन आयोग- पश्चिम बंगाल**

निर्वाचन आयोगको वरिष्ठ उपायुक्त ज्ञानेश भारतीको नेतृत्वमा एउटा दलले आज दक्षिण बंगालको जिला निर्वाचन अधिकारीहरुका साथ वीडियो कॉन्फ्रेंसको माध्यमद्वारा बैठक गरेको छ। जसमा पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारी मनोज अग्रवाल पनि उपस्थित हुनु हुन्थ्यो। बैठकमा संबंधित जिल्लाहरुका निर्वाचक पंजीकरण अधिकारी पनि वीडियो कॉन्फ्रेंसमा सामेल रहनु भएको थियो। आयोगका दलले आज उत्तर 24 परगना जिल्ला को कतिपय विधानसभा क्षेत्रको दौरा गर्न सक्ने बताइएको छ साथै निर्वाचन अधिकारिहरु लगायत बूथ स्तरीय अधिकारिहरु सित भेट गर्ने पनि आशा गरिन्छ। यो दल भोलि पूर्व मेदिनीपुर जिल्लाको कोलाघाट जानेछ अनि पूर्व मेदिनीपुर, झारग्राम तथा बांकुरा जिल्लाका बूथ स्तरीय अधिकारिहरुसित भेट गर्नेछ|

**वायुसेना**

देशले आज भारतीय वायुसेनाको ९३औं वार्षिकोत्सव मनाउँदैछ। ८ अक्टोबर १९३२ मा स्थापना भएको वायुसेनाले राष्ट्रको सुरक्षा मजबुत बनाउने भूमिका खेलेको छ। राष्ट्रपति द्रौपदी मुर्मुले, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहले वायुसेनालाई ९३औं वायुसेना दिवसको शुभकामना दिनुभएको छ। राष्ट्रपति द्रौपदी मुर्मुले वायु सैनिकहरू, भूतपूर्व सैनिक र उनका परिवारलाई बधाई दिँदै सेवामा साहस र प्रतिबद्धताको प्रशंसा गर्नुभएको छ। उपराष्ट्रपति सी.पी. राधाकृष्णनले वायुसेनाका सैनिकहरूको विशेषज्ञता, साहस अनि अटल समर्पणको प्रशंसा गर्दै शुभकामना व्यक्त गर्नुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले वायुसेनाका सैनिकहरूको साहस, अनुशासन र देशभक्तिको प्रशंसा गर्नु हुँदै ९३औं वायुसेना दिवसको शुभकामना दिनुभएको छ। गृहमन्त्री अमित शाहले वायुसेनाका कर्मचारीहरूलाई साहस, अनुशासन र देशभक्तिको प्रतीक 'स्काई-गार्ड' भनेर प्रशंसा गर्नु हुँदै ९३औं वायुसेना दिवसको शुभकामना दिनुभएको छ।

**सुश्री बनर्जी कोलकाता फर्किइन्**

उत्तर बंगालको पहाडी, तराई र डुवर्स क्षेत्रमा बाढी र पहिरोको अवस्था अहिले स्थिर भएको छ। विगत २४ घण्टामा कुनै पनि अप्रिय घटनाको रिपोर्ट आएको छैन। अधिकारीहरूले भने कि विगत एक दिनदेखि वर्षा नभएको कारणले स्थिति बिग्रनबाट रोकिएको छ र राहत, उद्धार र पुनर्स्थापना प्रयासहरू द्रुत गतिमा अगाडि बढ्न सकेका छन्। दार्जिलिङ जिल्ला प्रशासनका एक वरिष्ठ अधिकारीले जिल्लाका धेरै सडकहरू मर्मत गरिएको बताए, यद्यपि पहाड र मैदानहरूलाई जोड्ने मुख्य सडक मार्गहरु बन्द रहेको छ। उत्तर बंगालमा विगत दुई दिन बिताएपछि स्थितिको आकलन गर्दै मुख्यमन्त्री ममता बनर्जी आज दिउँसो कोलकाता फर्कनु भएको छ | उहाँले प्रभावित क्षेत्रहरूमा प्रशासनिक उपायहरूको विस्तृत प्रतिवेदन चाँडै नै प्रस्तुत गर्ने अपेक्षा गरिएको छ। हिज, मुख्यमन्त्रीले जलपाईगुडी जिल्लाको बामुन्डंगामा आक्रमणपछि सिलिगुडीको अस्पतालमा भर्ना भएका भाजपा सांसद खगन मुर्मुलाई भेट गर्नुभयो। यसैबीच, भाजपा पश्चिम बंगालका प्रभारी अमित मालवीयले सामाजिक सञ्जालमा मुख्यमन्त्रीको भ्रमणको आलोचना गर्दै भने, "यो कुनै नयाँ कुरा होइन कि मुख्यमन्त्रीले बामुन्डंगा घटनापछि फेरि एक पटक सस्तो लोकप्रियता प्राप्त गर्ने प्रयास गर्नुभएको छ, जुन क्षेत्र लामो समयदेखि अवैध बंगलादेशी बसोबासका लागि परिचित छ।"

**रिजिजु बिजनबारी**

केन्द्रीय मन्त्री किरण रिजिजु र दार्जिलिङ लोकसभा सांसद राजु विष्टले पहिरो प्रभावित क्षेत्रहरूको स्थलगत निरीक्षण गर्न बिजनबारी-पुलबजार क्षेत्रको भ्रमण गर्नुभयो। उहाँहरू पहिला स्थानीय बासिन्दाहरूसँग भेट्न र ४ र ५ अक्टोबर मा भारी वर्षापछि आएको विनाशकारी पहिरोबाट भएको व्यापक क्षतिको मूल्याङ्कन गर्न पुलबजार पुलमा स्थानीय नागरिकहरुसित बातचित गर्नुभयो। पुल भत्किँदा थानालाइन र सम्पूर्ण बिजनबारी क्षेत्र मुख्य राजमार्गबाट काटिएको छ, र स्थानीय बासिन्दाहरूले अब सम्पर्क र आवश्यक आपूर्तिहरूमा पहुँच गर्न गम्भीर चुनौतीहरूको सामना गरिरहेका छन्।स्मरण गराइन्छ , बिजनबारी एक कृषि क्षेत्र हो, र पुल भत्किँदा मानिसहरूको जीविकोपार्जनमा गम्भीर असर परेको छ, विशेष गरी कृषि, पशुपालन, दुग्ध व्यवसाय र सम्बन्धित जीविकोपार्जन गतिविधिहरूमा निर्भर व्यक्तिहरू। यसैबीच, केन्द्रीय मन्त्री किरेण रिजिजुले केन्द्र सरकार दार्जिलिङका जनताको साथमा पूर्ण रूपमा उभिएको छ र सकेसम्म चाँडो सम्पर्क पुनर्स्थापना र पुनर्स्थापनामा सहयोग गर्ने आश्वासन दिनुभएको छ।

**रिजिजु-बिमल गुरुङ**

बिगत ४ अक्टोबरको दिन प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त मिरिक लगायत विभिन्न क्षेत्रहरूको भ्रमण गर्न दार्जिलिङ पहाडको भ्रमण गरिरहेका केन्द्रीय संसदीय मामिला मन्त्री किरण रिजिजु र मोर्चाका अध्यक्ष बिमल गुरुङमाझ हिज दार्जिलिङमा भेटघाट भएको जानकारी प्राप्त भएको छ। गोर्खा जनमुक्ति मोर्चाको तर्फबाट बोल्दै पार्टी अध्यक्ष बिमल गुरुङले केन्द्र सरकारले शितकालिन अधिवेशन भित्र दार्जिलिङ पहाड, तराई र डुवर्सको लामो समयदेखिको समस्याको स्थायी समाधान खोज्ने स्पष्ट अडान राख्नु भयो। यस विषयमा चर्चा गर्न दार्जिलिङबाट दिल्ली प्रस्थान गरेपछि केन्द्रीय संसदीय मामिला मन्त्री रिजिजुले प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहसँग यो मुद्दा उठाउने र दार्जिलिङ पहाड, तराई र डुवर्सको समस्यालाई सकेसम्म चाँडो समाधान गर्ने वचन दिएको पार्टी सुत्रले बताएको छ।

**रोहिणी रोड निर्माण**

खरसाङको रोहिणी रोड (सुवास घिसिङ मार्ग) निर्माणको कार्य शुरु भएको छ। गत 5 अक्टोबरको दिन पैह्रोले तानेपछि बन्द भएको रोहिणी रोड खोलाउन निर्माण कार्य शुरु गरिएको छ भने रोहिणी रोड खोलाउन लगभग एकदेखि डेढ महिना कि त डेढदेखि दुई महिना लाग्ने सक्ने बताइएको छ। खरसाङको गौरी शंकर चियाबारीदेखि केही मुनि रहेको रोहिणी रोडमा पैह्रो गएपछि दार्जिलिङ र खरसाङबाट सिलगढी जाने सबै गाडीहरु राष्ट्रिय राजमार्ग 110 भएर कुदिरहेको छ भने रोहिणी रोड खोलाउन सडक मरमत्तिको कार्य शुरु गरिएको छ। हालमा रोहिणी रोड भएर केवल बाइक र स्कुटीहरु मात्रै कुदिरहेका छन् भने गाडीहरु सबै बन्द छ। रोहिणी रोडमा गएको पैह्रो मरमत्तिको लागि कार्य अहिले युध्द स्तरमा चलिरहेको छ। जेसीबी मशीन चलिरहेको छ भने श्रमिकहरुले काम गरिरहेका छन्। त्यसरी नै रोड मरमत्तिको लागि माल सामानहरु झार्ने कार्य पनि चलिरहेको छ। रोहिणी रोडमा पैह्रो मरमत्तिको कार्य खरसाङ ईञ्जिनियरिङ डिभिजनद्वारा भईरहेको छ।

**अनित थापा- दूधे निरीक्षण**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले आज दूधे राई गाउँको स्थलगत निरीक्षण गर्दै हालैको प्राकृतिक प्रकोपले स्थानीय बासिन्दा र पूर्वाधारमा पारेको क्षतिको मूल्याङ्कन गर्नु भयो। निरीक्षणको क्रममा उहाँले पीडितहरूसँग भेटघाट गर्दै तत्काल राहत र दीर्घकालीन पुनर्निर्माणका उपायहरूबारे जानकारी लिनु भएको छ। श्री थापाले निरीक्षणपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै भन्नु भयो "जहाँ विध्वंस बढी भएको छ, त्यहाँ पुगेर काम हेर्नु मेरो प्राथमिकता हो। मिरिकमा सबैभन्दा बढी क्षति भएकाले म पहिले त्यहाँ पुगेँ। राङभाङ र सूकेपोखरीमा पनि ठूलो क्षति भएको छ, तर त्यहाँ अझै पुग्न सकेको छैनौं।" श्री थापाले मुख्यमन्त्री ममता ब्यानर्जीको निर्णयको प्रशंसा गर्दै भन्नु भयो, "मुख्यमन्त्रीले प्रकोप भएको दुई दिनभित्रै पीडितलाई पाँच लाखको चेक र एक सदस्यलाई रोजगार दिनुभयो। हामीलाई दिइएको सहयोगमा धन्यवादी हुनुपर्छ। उहाँले भन्नु भयो, "जसले दिदैछ उसको हामी गुनासो गर्छौं, तर जो घुमेर मात्र जाँदैछ उसको चर्चा नै छैन।" श्री थापाले दूधे पुलको मर्मत कार्य १५ दिनभित्र सम्पन्न हुने जानकारी दिनु भयो|

**पर्यटक उद्धार**

स्थानीय प्रशासन र सोनादा हिमालयन होमस्टे संघको संयुक्त पहलमा इन्द्रेणी फल्स क्षेत्र नजिक फसेका पाँच जना पर्यटकको सफलतापूर्वक उद्धार गरियो। महकुमा अधिकारी र खण्ड विकास अधिकारीको निर्देशनमा, सोनादा पुलिस आउटपोष्टका इन्चार्ज योगेश ठकुरी तथा हिमालयन होमस्टे संघको टोलीको सक्रिय सहयोगमा उद्धार कार्य सम्पन्न गरिएको थियो ।

**कालिम्पोङ म्याराथन**

कालिम्पोङ जिल्ला पुलिसले आगामी एन्सियन्ट सिल्क रुट ट्रेल म्याराथन (Ancient Silk Route Trail Marathon) का लागि आधिकारिक जर्सी आज सार्वजनिक गरेको छ। यो म्याराथन आगामी २ नोभेम्बरमा आयोजना गरिनेछ।